# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २५ पुस २०७९
# सोमवार
# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०० बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको आजको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सभाको तेह्रौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सो पत्रको बेहोरा जानकारी गराउँदछु ।

२०७९ पुस १२

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरवार, काठमाडौं ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०७९ साल पुस २५

गते सोमवारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

(विद्यादेवी भण्डारी)

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात, अज्ञात शहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौनधारण गरौं ।

(मौनधारण)

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट प्रधानमन्त्री पदमा नियुक्ति र मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म क्रमशः उक्त पत्रहरूको बेहोरा जानकारी गराउँदछु ।

**विषयः प्रधानमन्त्री पदमा नियुक्ति ।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूलाई नेपालको प्रधानमन्त्री पदमा २०७९/९/१० गते नियुक्त गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/९/१०

**विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/०९/११ गते देहायबमोजिमको मन्त्रिपरिषद्को गठन गरी नियुक्ति र कार्यविभाजनसमेत गर्नुभएको बेहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति; ऊर्जा, जलस्रोत तथा सिँचाई; कानुन, न्याय तथा संसदीय मामिला; कृषि तथा पशुपंक्षी विकास; खानेपानी; परराष्ट्र; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद; रक्षा; वन तथा वातावरण; शिक्षा, विज्ञान तथा प्रविधि; श्रम, रोजगार तथा सामाजिक सुरक्षा; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मामिला तथा सामान्य प्रशासन; सञ्चार तथा सूचना प्रविधि; सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या । |
| २. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ । |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात । |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह । |
| ५. | श्री ज्वाला कुमारी साह | मन्त्री | कार्यभार पछि तोकिने । |
| ६. | श्री दामोदर भण्डारी | मन्त्री | कार्यभार पछि तोकिने । |
| ७. | श्री राजेन्द्र कुमार राई | मन्त्री | कार्यभार पछि तोकिने । |
| ८. | श्री अब्दुल खान | मन्त्री | कार्यभार पछि तोकिने । |

(यादवप्रसाद कोइराला)
सचिव
२०७९/०९/१२

मानननीय सदस्यहरू, राष्ट्रिय सभाको तेह्रौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको छ । अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

सर्वप्रथम, माननीय उर्मिला अर्याल (माननीयज्यू, रोस्ट्रम प्रयोग गर्न म यहाँलाई निर्देशन गर्दछु ।)

(१३:०९ बजे) **मानननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म राष्ट्रपतिबाट नयाँ सरकार गठन हुँदा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालसाथै त्यस मन्त्रीमण्डलमा रहनुभएका हाम्रो यस राष्ट्रिय सभाबाट पनि उपप्रधानमन्त्री नारायण काजी श्रेष्ठलगायत सम्पूर्ण मन्त्रिपरिषद्लाई बधाई दिन चाहन्छु । र यसै सन्दर्भमा भोलि हुने विश्वासको मत लिने क्रममा संसदमा रहेको सङ्घीय संसदमा रहेको भन्दाखेरि अझ प्रतिनिधि सभालगायत सम्पूर्ण दलका सांसदज्यूहरूसँग पनि हाम्रो पार्टी नेकपा माओवादी केन्द्रको मार्फतबाट साथै सत्तापक्षको सांसदको हैसियतले सम्पूर्ण सत्ताधारी दलको तर्फबाट पनि सम्पूर्ण सांसदज्यूहरूलाई म अनुरोध गर्न चाहन्छु सरकारलाई समर्थन गरेर एउटा सहमतिको वातावरणमा राष्ट्रिय सहमतिको सरकारको रूपले यसलाई काम गर्ने दौरानमा सहयोग पुगोस् र यहाँहरूको हरेक रचनात्मक सहयोगको अपेक्ष गर्दै यहाँहरूको सहयोगको अपेक्षसाथ सहयोग माग्दछु र साथै मैले आफ्ना केही कुराहरू पनि यहाँ राख्न चाहन्छु र सरकारको ध्यानाकर्षण यसतर्फ गराउन चाहन्छु । अब अहिले सरकारले नयाँ नीति कार्यक्रमहरू ल्याएर आउँदा र बजेट कार्यान्वयनसम्बन्धी विभिन्न कुराहरू लिएर आउने सन्दर्भमा केही प्राथमिकताका विषयहरूलाई समावेश गरियोस् भनेर मैले प्रस्ताव राख्न चाहन्छु ।

एउटाः स्वयोजनाको समीक्षासहितको अब २३/२४ मा अहिले २२/२३ अङग्रेजी तारिकलाई भन्दाखेरि २३/२४ मा यो समापन हुन गैरहेको छ । त्यसकारणले सत्रौं योजनाको निर्माणको लागि प्राथमिकता र कार्यक्रमहरूको निर्धारणहरूमा सरकारको न्यूनतम साँझा कार्यक्रममा दोहोरो अङ्क आर्थिक वृद्धिसहितको न्यूनतम १० प्रतिशत आर्थिक वृद्धिसहितको प्रस्ताव हासिल हुने किसिमले त्यसलाई परिमार्जन गरियोस् र साथै यो हासिल गर्ने तयारीलाई हामीले प्रष्टसाथ हामीले अगाडि लिएर जानुपर्ने देखिन्छ ।

दोस्रोमाः म राख्न चाहन्छु कि गरिबी निवारणमा सबै कार्यक्रम र सबै तहका सरकारहरूलाई सहयोग समन्वय र प्रतिस्पर्धी संस्थाको विकासको अवधारणा कार्यान्वयन गरेर १० प्रतिशतभन्दा तल झार्नुपर्यो गरिबी निवारणलाई न्यूनतम तेति तल झार्नुपर्यो । रोजगारी वृद्धि दरको लक्ष्य कम्तीमा पनि १० प्रतिशत पुर्‍याउनुपर्यो । र युवाहरूलाई सङ्गठित क्षेत्रमा रोजगारीको अवसर सृजना गर्नुपर्ने हिसाबले चाहिँ सरकार अगाडि बढ्नुपर्यो ।

नेपालको हिमाली तथा उच्च पहाडी क्षेत्रको जीवनस्तर कष्टकार भएकोले नेपाल र चीनबिच सहमत भएका सबै दसओटै नाकामा व्यापार, आवागमन राजमार्गहरू शीघ्र सञ्चालनको अवस्था सृजना गर्नुपर्ने सुझाव दिन चाहन्छु । त्यस्तै चीन तथा भारतबाट रेलहरू काठमाडौं र लुम्बिनी जोड्ने काम शीघ्रतासाथ सम्पन्न गर्नेतर्फ सरकारको प्रतिबद्धता हेर्न चाहन्छु । सडक

सञ्जालमा डोल्पादेखि हुम्ला तथा दैलेखदेखि मुगुसम्म कर्णाली राजमर्गिको स्तर उन्नति नेपालको विद्युत् व्यापार भारतसँग भएको कुरा राम्रो हो । तर साथसाथै बङ्गलादेश र चीनले पनि रुची देखाएकोमा सोकाममा शीघ्रता दिनु आवश्यक देखेको छु ।

कृषि उत्पादन दर सारै न्यून भएको हुँदा कम से कम ६ देखि ७ प्रतिशत हुने गरी कार्यक्रम बनाउन आवश्यक छ । यसबाट मूल्य वृद्धिमा पनि नियन्त्रण गर्नमा सहजता ल्याउँछ । चैते धान, बर्खे धान, उखु, गहुँ, दलहन तेलहनलगायतको कृषि बालीहरूमा समर्थन मूल्य चाहिँ बाली लगाउनुभन्दा पहिले नै सरकारबाट तोकेको खण्डमा त्यसमा उत्पादन वृद्धि गर्ने र किसानहरू उत्साहित हुने अवस्था आउँछ । त्यसको लागि पहिला नै तोक्नुपर्ने यसको खरिद खाद्य व्यवस्था तथा आपूर्तिलाई व्यवस्थित गर्नुपर्ने सरकारको दायित्वमा पर्छ र त्यसलाई समेट्नुपर्ने देख्छु ।

साथै खाद्य उपहार तथा आपूर्ति कम्पनी लिमिटेड र सहकारी संस्थाहरूले गर्नुपर्ने व्यवस्था मिलाउन अनुरोध पनि गर्छु । यसै सन्दर्भमा प्रधानमन्त्रीको निर्वाचन क्षेत्रमा बनाउन लागिएको बुढी गण्डकी योजनाको पनि, त्रिशुली जोगिमाराबाट चितवनको शक्तिखोर र मनोहरीबाट पर्सा जिल्लाबाट चुरेमा टनेल बनाई पर्सा बाराका चुरे क्षेत्रमा सिँचाइको व्यवस्था गर्न पनि त्यो व्यवस्थापनको लागि पनि अनुरोध गर्दछु ।

त्यस्तै लुम्बिनीको राजधानी भालुबाङमा अहिले जुन किसिमले विकास गरियो, सारियो त्यसको सन्दर्भमा राप्ती नौमुरे आयोजना निर्माण गरी प्युठान, अर्घाखाँची, दाङ, कपिलवस्ती, सिँचाइ र विद्युत् पर्यटनमा विकास कायम गर्ने रोल्पा, दाङ माण्डपी डाइभर्सन निर्माण गर्ने जनयुद्धमा घाइते सहिद परिवारहरूको जनआन्दोलन, जनयुद्ध मधेस आन्दोलन सबैको भन्या मैले त्यसमा घाइते सहिद परिवारहरूको लगत तयार गरी सोहीअनुसारको राहत व्यवस्थापनको हामीले सरोकार राख्नुपर्ने ।

नागरिकता विधेयकलाई तुरुन्त संसदबाट अनुमोदन गरी व्यवस्थित गर्नुपर्ने । सार्कको राजधानी नेपालमा भएकोले त्यहाँ सार्कलाई गतिशील बनाउन सरोकारवाला सदस्य राष्ट्रहरूसँग संवाद बढाउन विशेष पहल गर्ने गौर हत्या कण्डमा मारिएकाहरूलाई पनि न्याय सम्पादनको लागि व्यवस्थित गर्नुपर्ने प्युठान, बाग्लुङ राजमार्ग निर्माण भारतको एक्जिम बैङ्कको सहयोगबाट चार सय अरबको सहयोग हुँदाहुँदै पनि त्यो हुन सकेको छैन । त्यसलाई सहजीकरण गर्ने निर्माण उद्योगहरू सिमेन्ट, फलाम, स्टिल न्यूनतम क्षमताबाट पूर्ण क्षमतामा विकास गर्ने र सहकारी क्षेत्रमा देशको सामाजिक, आर्थिक क्षेत्रमा तेस्रो खम्बा भएर पनि हाललाई राष्ट्रिय अर्थतन्त्रमा जीडीपीमा योगदान जम्मा ३ प्रतिशत मात्र छ । तसर्थ यसलाई न्यूनतम पनि ६

प्रतिशतमा पुऱ्याउने कार्यक्रम ल्याउन जरुरी देखिन्छ ३० हजार सहकारी कार्यक्रमहरू छन् ६५ हजारले रोजगारी पाएका छन् । उद्योगी व्यवसायीलाई पनि १० प्रतिशत ऋण दिँदाखेरि उद्योगी व्यवसायीले ऋण लिँदा १० प्रतिशतभन्दा बढी ऋण लिएर ब्याज दिन नपर्ने गरेसी व्यवस्था मिलाउनको लागि पनि सरकारले यसलाई सम्बोधन गर्नुस् भन्ने अनुरोध गर्न चाहन्छु ।

त्यस्तै तराई मधेस र उत्पीडित समुदायका महिलाहरूलाई अर्थ पार्जनमा सक्रिय सहभागिता बढाउने लोपउन्मुख डोम, राउटे अब यो विभिन्न खालका हाम्रोमा धामडलगायतका विभिन्न उत्पीडित समुदायहरूलाई एउटा आर्थिक र स्वरोजगारीको मूल प्रभावमा समाहित गर्ने यो किसिमको विषयहरूलाई हामीले लिएर जानुपर्ने हुन्छ र यसलाई नीति र कार्यक्रम यी सम्पूर्ण कुराहरू समेटियोस् भन्दै म पुनः यसलाई एउटा राष्ट्रिय सहमतिको सरकारको स्वरूप दिन सम्पूर्ण यो संसदमा उपस्थित रहनुभएको सम्पूर्ण राजनीतिक दलका नेताहरूसँग दलका माननीयज्यूहरूसँग म हार्दिक हार्दिक अनुरोध गर्दछु र यो हामी सबैको सहकार्यबाट राष्ट्रिय निर्माणमा अझ धेरै टेवा पुऱ्याउन सकोस् यस सरकारले भन्ने पनि मैले चाहाना राख्दछु र त्यसको शुभकामना दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय रमेशजंग रायमाझी ।

**(१३:१८ बजे) माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- ..... (आवाज नसुनिएको) सांसदको सबैभन्दा ठुलो दल नेपाली काँग्रेसको तर्फबाट यो बैठकमा उभिएर केही कुराहरू व्यक्त गर्नुअगि यो देशमा बहुदलीय लोकतान्त्रिक संसदीय शासन व्यवस्था र सार्वभौसत्ता सम्पन्न जनताको अधिकारलाई स्थापना गर्न ७ दशक लामो समय आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात सहिदरूप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु । यी सबै लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने वीपी कोइराला, सुवर्ण शम्शेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, शैलाजा कोइराला, मंगलादेवी सिंह, शैलेश आचार्यदेखि वामपन्थी आन्दोलनलाई लोकतान्त्रिक बाटोमा अग्रसर गराउन प्रेरणादायिक भूमिका निर्वाह गर्नुहुने पुष्पलाल, मनमोहन अधिकारी, मदन भण्डारी, साहाना प्रधानलगायत नेताहरूप्रति हार्दिक नमन व्यक्त गर्न चाहन्छु । नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्रीमा नियुक्ति हुनुभएकोमा उहाँलाई हार्दिक बधाई र उहाँको मन्त्रीमण्डललाई हार्दिक बधाई दिन चाहन्छु । बाह्रौं अधिवेशन अन्त्य भएको ठिक आज ११५ दिनपछि आज सुरु हुन गइरहेको यो अधिवेशन यहाँहरूसमक्ष उपस्थित भएर केही कुराहरू व्यक्त

गर्न समय उपलब्ध गराइदिनुभएकोमा सम्माननीय अध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज यो रोष्ट्रममा उभिएर बोल्दै गर्दा विगतको अधिवेशनभन्दा अझै बेग्लै आनन्दभूति भइरहेको छ । किन भने जनताको बलिदान र सङ्घर्षबाट हामीले २०७२ सालमा शासन व्यवस्थाको परिवर्तन गर्दै नयाँ संविधान जारी गरेका थियौं । त्यो संविधानको सफल कार्यान्वयनको चरणमा आजदेखि दोस्रो खुसीयाली चढ्दै छ । राजनीतिक नेतृत्वको कति राम्रो अहङ्कार र दम्भका कारण विगत ७ वर्षको राजनीतिक उतार चढावको क्रममा यस्तो क्षण पनि हामीले पार गर्यौं कि कहीं कतै फेरि पनि यो संविधान र यो व्यवस्था पुनः सङ्कटको भुमरीमा फस्ने त होइन? भन्ने स्थितिको पनि सामना गर्नुपर्यो । यसका बावजुद हाम्रो राजनीतिक नेतृत्व विशेष गरेर काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्व लोकतान्त्रिक वाम गठन्धनको विगत १८ महिनाको जुन सुझबुझ कदम चाल्दै चुनौतीको सामना गर्दै छोटो अवधिमै स्थानीय तहदेखि केन्द्रसम्म कै ताजा जनादेश प्राप्त गरेर नयाँ जनप्रतिनिधिहरू चयन गरियो । यो आफैमा गर्व गर्न र लायक सफलता हो ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस र डेङ्गु जस्ता अति आर्थिक मन्दीबाट, डेङ्गुहरू र अति आर्थिक मन्दीबाट ..... मानव समाजलाई सुरक्षित राख्न न्युनतम आवश्यकको रूपमा रहेको खोप दिउलानदेखि अन्य प्रतिकुल अवस्थामा पनि धैर्य धारणका साथ संविधान कार्यान्वयनको प्रक्रियालाई सफल पार्न स्वच्छ, स्वतन्त्र, निस्पक्ष र भएरहित वातावरणमा मुलुकको सबै तहको आवधिक निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सफल हुनुहुने निवर्तमान प्रधानमन्त्री नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा र उहाँको ५ दलीय गठबन्धन सरकारलाई विशेष धन्यवाद नदिरहन सक्दिनँ ।

सम्माननीय अध्यक्ष महोदय, यस अवसरमा म नव निर्वाचित प्रतिनिधि सभाका र प्रदेश सभाका सबै माननीय सदस्यहरूलाई सिङ्गो राष्ट्रिय सभा, नेपाली काँग्रेस र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई तथा आगामी कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । यो खुसीको क्षणमा पनि दुःखका साथ भन्नुपर्छ । जुन संविधान र शासन व्यवस्था प्राप्तिका लागि ७ दशक लामो सङ्घर्ष र बलिदान गर्यौं । त्योभन्दा कम समस्या विगत ७ वर्षमा झेल्नुपरेन । सिङ्गो संविधान र शासन व्यवस्थालाई विगत ७ वर्षको अवधिमै पनि अनगिन्ती खड्ग प्रहार भए । ती खड्गका प्रहारबाट चोट ग्रस्त संविधान र शासन व्यवस्थालाई क्षतग्रस्त हुनबाट मङ्सिर ४ को आम निर्वाचनले केही हदसम्म भए पनि मलम लगाइदिएको छ । समग्र राजनीतिक धराप पर्नबाट जोगाउन लोकतान्त्रिक मुलु बाटोमा ल्याइदिएको छ । २०७४ सालमा गठित प्रतिनिधि

सभा र प्रदेश सभामा आफ्नो पूर्ण कार्यकाल अपेक्षाकृत सफलता प्राप्त गर्न नसकेको आङ्शिक सफलता हासिल गर्दै अवधिक निर्वाचनको माध्यमबाट नयाँ सांसद र सरकार गठनको बाटो खोलिदिएको छ । हुनत यो सदनको परिचय र पहिचान बेग्लै छ । यहाँ प्रतिनिधि सभा जस्तो सत्ता र प्रतिपक्षबिचको देखिने मनमुटाब तिक्तता र भिडन्तको अवस्था हामीले झेल्नुपरिरहेको छैन । र आशा छ आगामी दिनमा पनि सम्माननीय अध्यक्षज्यूको सुझबुझ र पूर्ण नेतृत्वले यो ससदको आफ्नो त्यो गरिमामय कायमै राख्ने छ भन्ने मैले विश्वास लिएको छु ।

सम्माननीय अध्यक्ष महोदय, बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था विश्वास गर्ने पार्टीको सच्चा सिपाइको नाताले यहाँ उभिएर बोल्दै गर्दा म किन किन ढुक्क हुन सकिरहेको छैन । संविधानको पूर्ण र सफल कार्यान्वयनमार्फत यो शासन व्यवस्थाको स्थायित्व हुने कि होइन? मुलुकका व्याप्त व्यथिति, भ्रष्टाचार, कुशासन, दुस्चारबाट रुष्ट बनेर देशभित्र आफ्नो भाग्य र भविष्य नदेखेर दिनहुँ विदेशींदैरहेका लाखौं युवाहरूको निराशालाई कसरी आशामा, भरोसामा बदल्ने । स्वदेशमै भित्रै पनि सुरक्षित भविष्य खोल्ने वातावरण निर्माण कहिले होला? कसरी होला? अझै पछिल्लो समय राजनीतिक देखिएका केही विकृति र विसङ्गतिको आडमा संविधान र सिङ्गो शासन व्यवस्थाप्रति नै सामाजिक र सञ्जाल मिडियामार्फत धावा बोल्नेदेखि सस्तो लोकप्रियता आर्जन गर्नका लागि राज्यको जिम्मेवार तहमै पुगेका पदाधिकारीहरू गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिने कार्य र मुलुकलाई कसरी विधि र शासनको समृद्धि र स्थायित्व हासिल होला । हाम्रो संविधानले अपनाएको सुन्दर पक्ष भनेको बहुमतको सरकार र प्रतिपक्ष अल्पमतको संसद हो । जहाँ प्रधानमन्त्रीको नेतृत्वमा सार्वभौम जनतालाई निर्वाचित सरकार र संसदप्रति सबै उत्तरदायी र जवाहदेही रहन्छन् । तर सरकारकै उपप्रधानमन्त्री गोपनीयताको सपथ खाएपछि उनी आफु सरकारको प्रतिनिधिभन्दा ज्यादा प्रतिपक्षको भूमिकामा उभिन चाहन्छु । उभिन पर्छ भन्दै उनीबाट संविधान र कानुन कसरी पालना होला? संसदीय व्यवस्थामा प्रधानमन्त्री प्रणाली हुँदै हुँदा प्रधानमन्त्रीको मन्त्री भई पद तथा गोपनीयताको सपथ खाएको व्यक्तिले क्याबिनेटमै प्रतिपक्षको भूमिका निर्वाह गर्ने भन्ने केटाकेटीपनलाई अज्ञानता भनौं या अनपेक्षित पद प्राप्तिपछिको उत्साह र अहङ्कार के हो भनौं? संवैधानिक कानुनी विवादित भुमरीबाट सफाइ नपाइसकेका विवादास्पद व्यक्ति नै स्वार्थ बाजी गरेपछि राज्यका प्रमुख निकायमा रहने कार्यले यो शासन व्यवस्थाको मूल्य मान्यतालाई कसरी मजबुत बनाउला? भन्ने अनगिन्नती प्रश्नले झुक्याइरहेको छ ।

अझै पनि संविधानमा उल्लेखित नागरिकका कतिपय मौलिक हक र कार्यान्वयनको राज्य गम्भीर नबन्दा समस्या देखेको मात्र होइन । विगतमा भएको विकृति, विसङ्गति, विस्तृत शान्ति

सम्झौताहरू र त्यसका आधारमा भएको दण्ड व्यवस्थापनका कतिपय अपूरा कार्यहरू गर्न बाँकी नै छन् ।

विगतको संसदले अधिवेशनमा पेस भएका महत्त्वपूर्ण विधेयकहरू आगामी संसदले टुङ्गो लगाउनुपर्ने छ भन्ने लामो समयदेखि विवादको भुमरीमा पर्दै आएको नागरिकतासम्बन्धी विधेयक, संशोधनसम्बन्धी विधेयक प्रमाणीकरण नहुँदा तराई मधेशमा लाखौं युवाहरूको नागरिकता पाउनबाट वञ्चित हुन र अनगिन्ती समस्या झेल्नुपरिरहेको अवस्था छ ।

सम्माननीय अध्यक्ष महोदय, राज्यको कतिपय निकायबाट हुन सक्ने सानातिना गल्ती भोलिका दिनमा फेरि अर्को दम्भ ननिम्तिएला भन्न सक्ने स्थिति अझै बनिसकेको छैन । मुलुकको सार्वभौम संसदले जनतालाई अपेक्षा पूरा गर्दै यो संविधान र व्यवस्थाप्रति विश्वास बढाउन सक्नुपर्दछ । मुलुकमा व्याप्त महङ्गी, काला बजारी, कुशासन र भ्रष्टचार र आर्थिक मन्दीले भयावह स्थितिबाट देश र जनतालाई पार लगाउन नव निर्वाचित जनप्रतिनिधिहरूको संस्थाले प्रमुख दायित्व निर्वाह गरोस् । यो आशा व्यक्त गरिरहँदा मलाई सम्झना छ कि मुलुकमा मुलुकका यी सबै समस्याको समाधान एकै दल वा समूह विशेष एकल पहलले मात्र सम्भव नहुन पनि सक्छ । अझै पनि दिगो शान्ति र विकासका लागि प्राप्त स्मरणीय नेता गिरिजाप्रसाद कोइरालाले भनेको सहमति, सहकार्य र एकता भावना देशले खोजिरहेको जस्तो लाग्छ मलाई । यदि यो भावनालाई मर्मलाई आत्मसात् गर्दै सत्ता गठबन्धनको हातबाट बढाएको खण्डमा रचनात्मक प्रतिपक्षको भूमिका रहेको हाम्रो दलको देश र जनताको हितमा साथ सहयोग गर्ने कुनै कसर बाँकी राख्ने छैन् भनेर यो सदनमा राख्न चाहन्छु । तर निषेधको राजनीतिलाई पुनः बढाव दिने कोसिस गरी जारी भए वा यो संविधान शासन व्यवस्थाप्रति नै जिम्मेवार बनेका बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था र जनअधिकार प्राप्तका लागि लड्दै आएका नेपाली काँग्रेस प्राप्त उपलब्धि रक्षा जस्तोसुकै चुनौतीको सामना गर्न पनि तयार छ । यसका बावजुद पनि आशा राखौं । वर्तमान सत्ता गठबन्धनको विगतको तितो अनुभवबाट पाठ सिक्दै सुन्दर भविष्यको निर्माणमा सुझबुझ र सन्तुलित  कायम चल्ने छ । यो संसद, यो संसदीय व्यवस्थालाई अझै प्रभावकारी बनाउने छ भन्ने मैले विश्वास लिएको छ । यो राष्ट्रिय सभा स्थायी सदन भएकोले परिपक्क सदन भएको हुँदाखेरि सरकार आउने र जाने भइरहन्छ । र राष्ट्रिय सभाको गरिमा बढाउनको लागि हामी सबैको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने मलाई लाग्छ ।

र अन्त्यमा समय दिएर सम्माननीय अध्यक्षज्यूले मलाई आफ्ना कुराहरू राख्ने अवसर दिनुभएको र माननीयज्यूहरूले सुन्दिनुभएकोमा धन्यवाद दिँदै बिदा हुन्छु । धन्यवाद, जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल ।

**(१३:३० बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज नेपाली जनताको अभिमतबाट नयाँ सरकार बनेपछिको पहिलो बैठक बस्दै छ । अर्थात् नेपाली जनताले अभिमतबाट निर्वाचित गरेर निर्वाचित जनप्रतिनिधिहरू यो सदनमा पठाएका छन् । यद्यपि राष्ट्रिय सभामा हामी पुरानै सांसदहरू छौं । तर पनि प्रतिनिधि सभामा र विभिन्न प्रदेशका प्रदेश सभाहरूमा नयाँ जनप्रतिनिधिहरू निर्वाचित भएर आउनुभएको छ । पहिलो नम्बरमा त म ती निर्वाचित भएर आउनुहुने सम्पूर्ण जनप्रतिनिधिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र आफ्नो भनाइ सुरु गर्न चाहन्छु ।

मैले भनें नेपाली जनताको अभिमतबाट सरकार बनिसकेपछिको पहिलो बैठक बस्दै छ । यस अवसरमा म सर्वप्रथम त केही स्थानबाहेक निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराएको र गराउन भूमिका निर्वाह गर्न आम सम्बद्ध पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छु । फेरि पनि स्याङजा, बारा, दोलखालगायतका केही स्थानमा लोकतन्त्रको हुर्मत लिने गरी भएको धाँधलीको प्रयास, धाँधली फर्जी मतबाट चुनाव जितेको र सांसद बनेर आफूलाई जनताको प्रतिनिधि हुँ भन्ने महानुभावहरू पनि हुनुहुन्छ । त्यो जनताको मतको दुरुपयोग भयो र हामीले ल्याएको लोकतान्त्रिक पद्धतिको उपहास भएको कुरालाई यहाँ म स्मरण गर्न चाहन्छु । यो विषय पनि उठाउन चाहन्छु ।

सकसपूर्ण अवस्थाबाट सरकार त बन्यो अर्थात् जनताको लागि बोझ बनेको पुरानो गठबन्धन भत्केको छ र नयाँ समीकरणका साथ सरकार गठन भएको छ । हुनत त अरूकै मतको सहयोगबाट पहिलो पार्टी बन्न सफल भएको र उत्साहित भएर सत्तामा जान तयारी अवस्थामा रहेको नेपाली काँग्रेस नेपालको बागडोर सम्हाल्न चुकेकोमा कर्नरमा परेको अवस्था छ । यसै कारणले पनि होला सरकारलाई विश्वासको मतबाट नै असफल बनाउन गरी फेरि पनि केही असफल प्रयासहरू भएको विषयहरू पनि आएका छन् । ती सोचहरूलाई प्रारम्भमा नै गलत मानसिकताबाट आएका र प्रजातन्त्रका लागि नसुहाउने अधैर्य सोचहरू हुन् भनेर मात्र भन्न

सकिन्छ । र प्रारम्भमा नै यो समीकरणलाई संशय नगर्न र असफल बनाउन नलागन र चलखेल नगर्न हामीले आग्रहसम्म गर्ने हो ।

अहिले प्रतिपक्षमा रहनुभएका साथीहरूलाई अर्को पनि आग्रह गर्न चाहन्छु । कम से कम यो सरकारलाई एक सय दिन त प्रतिपक्षको कुर्सीमा बसेर हेरिदिनुस् । अनि मात्र प्रतिक्रिया दिनुभए हुन्न र? अनि त्यसपछाडि त गतिविधि गर्न सक्नुहुन्छ । तर जे भए पनि यो सरकार बनेको छ र यसले विश्वासको मत प्राप्त गर्ने छ । यो सरकारका अगाडि धेरै नै चुनौतीहरू छन् । डिरेल भएको समृद्धिको यात्रालाई लयमा फर्काउनुपर्ने छ । अठार महिनासम्म मुलुक सरकार भएर पनि सरकार नभएको जस्तो अवस्थामा रह्यो । विकास निर्माणका कामहरू ठप्प भए । अर्थतन्त्र धरासयी अवस्थामा पुगेको छ । भ्रष्टाचार व्याप्त छ । कुनै पनि सरकारी कार्यालयमा जनताका कामहरू पैसाबिना हुन छाडेका छन् । यो यर्थाथलाई सरकारले महसुस गर्छ कि गर्दैन भन्ने प्रश्न आम जनतामा उठेको छ । मलाई विश्वास छ यो सरकारले यी विषयहरूलाई महसुस गर्ने छ र त्यसैअनुसारका काम कारबाहीहरू अगाडि बढाउने छ ।

प्रजातन्त्र हुँदै लोकतन्त्र र गणतन्त्रको स्थापनापछि अब मुलुकले काँचुली फेर्ने हो । अर्थात् मुलुक समृद्धितर्फ अगाडि बढ्ने भो । जनताको जीवनस्तर माथि उठ्ने भो । मुलुकमै औद्यौगिकीकरण हुँदै रोजगारी सिर्जना हुने भो । र वैदेशिक रोजगारीको लागि विदेशिनुपर्ने कुराबाट मुक्ति हुने भो भनेर आम जनतामा आशा पलाएको थियो । तर यसबिचमा जेजस्ता हर्कत र हतकाण्ड भए त्यस बाट जनताहरू निराश भएका छन् । के यो सरकारले यस्ता विषयमा ध्यान दिनेछ? यो पनि प्रश्नै उठेको छ । मलाई लाग्छ यो सरकारले यस विषयमा ध्यान दिनेछ र दिनुपर्दछ ।

मैले सरकारको सन्दर्भमा भनिरहँदाखेरि यो सरकारलाई सफलताको शुभकामना दिने काम बाँकी नै छ । केही विषय राखेर मात्रै दिइराखेको छु । मैले एक दुईवटा विषय यहाँ उठाउन चाहेको छु । पहिलो कुरा नेपालको राजनीतिक घटना क्रमलाई हेर्दा यसबिचमा गठबन्धन भर्सेस एमालेको अभ्यास गरियो । त्यो स्थानीय तहको निर्वाचन र राष्ट्रिय निर्वाचनमा हामीले देख्यौं । हुनत एमालेले पनि राष्ट्रिय निर्वाचनलाई केही ठाउँमा अन्य केही पार्टीसँग तालमेल गरेको थियो । केही स्थानमा मात्र भएको यो तालमेल वास्तवमा गठबन्धन थिएन । तर स्थिरता, विकास र प्रतिगमनविरुद्धको नारा दिएर गरेको तत्कालीन सत्ताधारीको गठबन्धन जनताले रुचाएको देखिएन । फलस्वरूप हाम्रो देशमा अहिले हङ पार्लियामेन्ट बनेको छ । त्यसैले चुनावअगि गर्ने यो गठबन्धनको प्रयोग पनि नेपालमा असफल भयो । हुनत यसबाट नेपाली काँग्रेसले भरपुर लाभ लिएको छ । अब हामीले भोलिका दिनमा बहुदलीय व्यवस्थाको

मर्मअनुसार जनताको बिचमा आआफ्नो नीति तथा कार्यक्रम लिएर जाने र जनताको मत जितेर सरकार बनाउने गरी लाग्नुपर्ने स्थिति भयो । यो निर्वाचनको परिणामले हामीलाई यही सन्देश दिएको छ । यदि यसो गर्दा कुनै पनि दलको बहुमत आएन भने त्यति बेला साझा नीति तथा कार्यक्रम बनाएर बरु नेपालको संविधानबमोजिम दुई वा दुईभन्दा बढी दलहरूको सरकार बनाउनु उपयुक्त हुन्छ । त्यसो गर्दा कसैलाई कुनै गुनासो हुने छैन । किनभने गठबन्धन गरेर अरू नै पार्टीका जनताको मत लिएको अवस्था हुने छैन । राम्रो के भयो भने हिजो जुन गठबन्धन बनाएर चुनावमा जाँदा साझा घोषणापत्रका आधारमा होइन आआफ्नो घोषणापत्रका आधारमा चुनावमा जाने काम भयो । त्यसबाट यो गठबन्धन, त्यो गठबन्धन फेस सेभिङको अवस्थामा पुगेको छ ।

दोस्रो कुरो नेपालमा वामपन्थीहरूको एकता नटिक्ने तर सहकार्य चैं टिक्ने अवस्था देखियो । त्यसैले अहिले वामपन्थी एकता भन्ने कुरा पनि कोही ठुला नेता छन्, एक्लै भए । ठुलठुला नेता छन् तर पार्टी सानो भयो भने आफ्नो शक्ति आर्जन गर्ने अभ्यास ..... मात्र हुन सक्छ । अहिले नै यो अभ्यास भने सफल हुन सक्दैन । किनभने दुई दुई जना अध्यक्ष, सहअध्यक्ष बनाएर पनि पार्टी सञ्चालन गरेको अभ्यास पनि टिक्न सकेन नि । यस माम्लामा कम्युनिष्ट र गैरकम्युनिष्ट उस्तै उस्तै देखका छन् । कुनै सैद्धान्तिक जगबिनाको एकताको कुनै अर्थ हुने छैन ।

सम्माननीय अध्यक्ष महोदय, यो सरकारको बारेमा केही भनुम् । यो सरकारमा लामो संसदीय अनुभव भएको पार्टी नेकपा एमाले छ । सशस्त्र क्रान्ति गर्दै शान्तिपूर्ण मूलधारमा आएर झन्डै दुई दशकको संसदीय अभ्यास गरेको नेकपा माओवादी केन्द्रले त सरकारको नेतृत्व नै गरिरहेको छ । भरखरै मात्र राजनीतिको कखरा सिक्दै गरेको राष्ट्रिय स्वतन्त्र पार्टी पनि सरकारमा छ । २०७६ साल अघिको व्यवस्थाको पृष्ठभूमिबाट संसदीय राजनीतिमा आएर कहिले ओझेल पर्दै अहिले जनताको अभिमतबाट निर्वाचित हुँदै आएको राजनीतिको यो परिवेशमा नयाँ ढङ्गले पुनः उदाएको पार्टी राप्रपाले पनि यो सरकारलाई समर्थन गरेको छ र यो सरकारमा सामिल हुँदै छ । त्यसै गरी मधेश तथा थरुहट आन्दोलनबाट उदाएका पार्टीहरू पनि यो सरकारमा सामिल भएका छन् वा यो सरकारलाई समर्थन गरेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, पहिलो कुरा त यो कम्बिनेसन टिक्छ कि टिक्दैन? यो आशङ्का चौतर्फी जनता लेबलबाट पनि उब्जेको छ । यो विषयलाई अझै गरी, खास गरी विपक्षी पार्टीहरू स्थिरता नचाहने बुद्धिजीवीहरूले पनि उठाएका छन् । अस्थिरतामा खेल्न देशी र विदेशी पनि लागिरहेकै छन् । कतै यो सरकार राष्ट्र निर्माणमा भन्दा आआफ्ना दलगत माग राख्ने थलो

त बन्ने होइन? यो प्रश्न जबरजस्त उब्जेको छ । केही माग र केही समस्या भए यो राष्ट्र निर्माणका लागि ती समस्याहरू समाधान गर्दै यो सरकार टिक्नुपर्छ । त्यसको लागि पुष्पकमल दाहाल "दाहाल" कमरेडको नेतृत्वमा रहेको सरकारलाई सफलताका साथ यो देशको नेतृत्व गर्न सफल हुनुहुनेछ भन्ने हार्दिक शुभकामना दिन चाहन्छु ।

र मैले एउटा विषय अन्तिममा उठाउन खोजेको छु । यो संसद भनेको कानुन निर्माणको थलो हो । तर कानुन निर्माण यसको प्राथमिकता परेको छैन । यो राष्ट्रिय सभालाई नेपालमा माथिल्लो सभा पनि भनिन्छ । बेलायतमा यसलाई हाउस अफ लर्ड भनिँदो रहेछ । यो स्थायी सभा भएकोले यसले त सधैँभरि आफ्नो बिजनेस गरिरहनुपर्ने हो । तर नेपालमा यो सदन प्रतिनिधि सभाको छायाँमा परेको छ । प्रतिनिधि सभा बसेको बेला मात्र यो सभा पनि बस्ने आम चलन रहेको छ । यो गलत कुरा हो ।

अर्को कुरा आम रूपमा नै यसको गरिमालाई घटाउने काम गरिएको छ । मर्यादा क्रम निर्धारण गर्दा निकै तल माथि गरिएको छ । यस्ता विषयहरू अविलम्ब सच्याइनु आवश्यक छ । स्थायी सभाको नामाकरण गरेको यो सभामा प्रतिनिधि सभाबाट आएका विधेयकहरू साठी दिनमा पारित गरेर फिर्ता नगरेमा स्वतः निष्क्रिय हुने वा प्रतिनिधि सभाबाट स्वतः कानुन बन्ने प्रावधान रहेको छ । प्रतिनिधि सभाको नियमावली, २०७७ को दफा १३१ मा त्यो कुरा उल्लेख छ । जबकी राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा पठाएका विधेयकहरू प्रतिनिधि सभाका कार्यकाल रहुनजेल दुई, तीन वर्षसम्म फिर्ता नगरे पनि हुने पक्षपाती कानुनी प्रावधान रहेको छ । यदि प्रतिनिधि सभाको समय अवधि समाप्त भएको अवस्थामा ती विधेयक स्वतः निष्क्रिय हुने प्रावधान रहेको छ । र हाम्रा नौँवटा विधेयकहरू निष्क्रिय अवस्थामा पुगेका छन् । त्यस्ता विधेयकहरूमा राज्यको ठुलो लगानी भइसकेकोले प्रतिनिधि सभामा नरहेको अवस्थामा राष्ट्रिय सभाबाट पठाइएका विधेयकहरूलाई जीवन्त राख्नका लागि आफ्ना सभामा फिर्ता आएर सुरक्षित रहने व्यवस्था हुनुपर्दछ । यस विषयमा सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकार, संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूलाई समेत ध्यान आकर्षण गर्न चाहन्छु । कम से कम पनि राष्ट्रिय सभा र प्रतिनिधि सभा नियमावलीबाट यो व्यवस्था अविलम्ब सच्याइनुपर्दछ । सम्माननीय अध्यक्षमार्फत सिङ्गो यो हाउसको समेत ध्यान आकर्षण गर्न चाहन्छु ।

अन्तमा तराईमा सित लहरबाट केही नागरिकहरूको ज्यान गएको र हिमाली क्षेत्रहरूमा पनि चिसोले नेपाली जनताहरू कठाङ्ग्रिरहेको अवस्था छ । र एक जनाको मृत्यु भएको पनि हामीले खबर सुनेका छौं । र मृतकप्रति हार्दिक श्रद्धान्जली दिन चाहन्छु र परिवारजनहरूप्रति

हार्दिक समवेदना दिँदै सरकारको त्यसतर्फ ध्यान जाने छ भन्ने विश्वासका साथ आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. बेदुराम भुसाल ।

(१३:४१ बजे) **<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, बाह्रौं अधिवेशन अन्त्य भएको ११५ दिनपछि । तेह्रौं अधिवेशनमा हामी उपस्थित छौं । यस अवसरमा म यहाँ उपस्थित सम्पूर्ण मानुभावहरूप्रति सम्माननीय अध्यक्ष महोदयलगायत सबै माननीयज्यूहरू सबैप्रति हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु । ११५ दिनको अवधिमा विभिन्न प्रकारका परिवर्तनहरू भएका छन् । धेरै प्रकारका परिवर्तनहरू भएका छन् भन्न पनि सकिएला तर मुख्यतः प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भएको छ । निर्वाचनबाट नयाँ प्रतिनिधि सभा र नयाँ प्रदेश सभाहरू गठन भएका छन् । म सर्वप्रथम यो निर्वाचनबाट निर्वाचित हुनुहुने सम्पूर्ण प्रतिनिधि सभाका सम्पूर्ण सदस्य साथीहरू र प्रदेश सभाका साथीहरूलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । र वाहाँहरूको कार्यकाल सफल रहोस् । वाहाँहरू सफल बन्न सक्नुस् भन्ने हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

यो निर्वाचनले लोकतन्त्रलाई बचाएको छ । गएको समयमा प्रतिनिधि सभाको विगतकालको समयमा पटक पटक प्रतिनिधि सभाको विघटन गरेर लोकतन्त्रलाई मास्न खोजिएको आशङ्का पैदा भएको थियो । यसका बारेमा हामी धेरै चर्चा गरेका छौं । प्रतिनिधि सभाको पुनर्स्थापना गरेर लोकतन्त्रलाई बचाइराख्ने जुन पहल गरिएको थियो । त्यो सफल भएको छ । र निर्वाचनमार्फत नयाँ प्रतिनिधि सभा गठन हुने र प्रदेश सभाहरू पनि गठन हुने । जुन कार्य सम्पन्न भएको छ । त्यसले लोकतन्त्रलाई बचाएको छ र लोकतन्त्रलाई निरन्तरता दिएको छ । यसरी निर्वाचन सम्पन्न गर्ने तत्कालीन सरकार र त्यो सरकारको पृष्ठभूमिमा रहेको वाम लोकतान्त्रिक गठबन्धनलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । त्यो लोकतन्त्र बचाएबापतको श्रेय दिनैपर्छ । र त्यस अर्थमा म त्यो सरकारलाई र संवद्ध सबैलाई फेरि पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

निर्वाचनपश्चात् बनेको नयाँ प्रतिनिधि सभाले नयाँ सरकार गठन गरेको छ । सरकारलाई म हार्दिक सिङ्गो सरकारलाई प्रधानमन्त्रीजीलगायत सिङ्गो सरकारलाई हार्दिक बधाई ज्ञापन गर्दछु र यो सरकार देश र जनताको हितमा काम गर्नका निम्ति सफल बनोस् भन्ने हार्दिक शुभकामना पनि दिन चाहन्छु । सत्ता बदलिएको छ । सत्तासँगै हाम्रा अन्य सन्दर्भहरू पनि बदलिएका

छैन । शासन बदलिएको छ । शासनसँगै हाम्रा आसन पनि बदलिएका छन् । हिजो प्रतिपक्षमा रहेका साथीहरू आज सत्तापक्षको आसनमा हुनुहुन्छ । हिजो सत्तापक्षमा रहेका साथीहरू कतिपय साथीहरू सत्तापक्षमै हुनुहुन्छ कतिपय साथीहरू विपक्षीमा हुनुहुन्छ या छौं । शासनसँगै आसनहरू पनि बदलिएका छन् । यस अवसरमा म आज नै पहिलो दिन धेरै कुरा त गर्न चाहदिनँ अध्यक्ष महोदय । सङ्क्षिप्तमा म के कुरा राख्न चाहन्छु भने हिजोको प्रतिपक्ष आज सत्तापक्ष बनेको छ । आजको सत्तापक्षले हिजो प्रतिपक्षमा रहँदा जे कुरा उठाएको थियो । त्यो कुरा पूरा गर्दिए हुन्छ । अरू धेरै काम केही पनि गर्नुपर्दैन । त्यति मात्रै गर्दिए हुन्छ । आज मुलुक कहाँ छ? खास गरीकन मुलुकको अर्थतन्त्र कहाँ छ? त्यो अर्थतन्त्रलाई ठिक दिशामा लगिदिए मात्रै पुग्छ । धेरै योजनाका कुरा म गर्न चाहन्नँ आजै गरौंला सरकारले आफ्ना काम कारबाहीलाई कसरी अगाडि बढाउँदै जान्छ । त्यो सन्दर्भमा निश्चय नै प्रश्नहरू उठ्ने छन् । र हामीले छलफल गर्नेछम् गरौंला । अहिले म प्रारम्भमा यति मात्रै भन्न चाहन्छु ।

यो सरकारले अर्थतन्त्रलाई ठिक दिशामा अगाडि बढाउन सकोस् यदि अर्थतन्त्रलाई ठिक दिशा दिने हो भने त्यसका निम्ति हामीले ध्यान दिनुपर्ने कृषि क्षेत्र नै हो । कृषि क्षेत्र नै आज सबभन्दा बढी प्रताडित छ पीडित छ । आज किसानहरू सरकारले धानको समर्थन मूल्य तोकेको छ । तर खाद्य संस्थाले धान किन्दैन । सरकारले त्यो धान किन्न प्रबन्ध बन्द गर्न सक्दैन । म यति मात्रै अनुरोध गर्न चाहन्छु । खाद्य संस्थानले वा सरकारले स्वयम् आफैले तोकेको समर्थन मूल्यमा किसानको धान किनिदेओस् । आज उखुको सिजन छ । सरकारले अहिलेसम्म उखुको समर्थन मूल्य तोक्न सकेको छैन । छिटोभन्दा छिटो उखुको समर्थन मूल्य तोकिदिओस् र उखु किसानका समस्याहरू समाधान गरिदियोस् । गहुँ बाली लगाउने बेला भएको छ । किसानहरूले मलखाद पाइरहेका छैनन् । सरकारले मलखादको व्यवस्था मात्रै गरिदियोस् । त्योभन्दा धेरै कुरा म अहिले गर्न चाहदिनँ । त्यति मात्रै गरिदियो भने पुग्छ । त्यति मात्रै गरिदियोस् अहिलेको सरकारले यति काम गर्दै अहिले सरकार अगाडि बढ्यो भने हामीले धन्यवाद दिइरहने नै छौं । यसका निम्ति किसानहरूका समस्या समाधान गरेको सरकारले भनेर भन्ने नै छौं ।

अरू विभिन्न क्षेत्रहरू छन् । स्वास्थ्यको क्षेत्र छ, शिक्षाको क्षेत्र छ, रोजगारीको क्षेत्र छ । ती क्षेत्रमा गर्नुपर्ने कामहरूका बारेमा हामी आउने दिनहरूमा छलफल गर्ने नै छौं र सरकारले कसरी अगाडि बढ्छ । त्यसका आधारमा आलोचना गर्नुपर्ने भए आलोचना गरौंला । समर्थन गर्न सक्ने अवस्था रहेछ भने समर्थन गरौंला । यहाँ भर्खरै सत्तापक्षको माननीयज्यूले सय वर्ष पर्खिदिनुस् न भन्नु भएको छ । सय वर्ष होइन धेरै सय वर्ष पनि पर्खौंला तर काम कस्ता

हुन्छन् । त्यसका आधारमा हेर्दै जाउँला । त्यसैले अहिले म धेरै भन्नै चाहदिनँ । बोल्नै चाहदिनँ । धेरै सय वर्ष पनि हामी पर्खिन तयार छम्, तर काम गर्ने गरी अगाडि बढ्नुहोस् । यही शुभकामना । म अहिलेको प्रतिपक्षलाई के अनुरोध गर्न चाहन्छु भने हिजको प्रतिपक्षले जस्तै आफ्नो निहित स्वार्थका निम्ति आफ्नो दलीय स्वार्थका निम्ति संसदलाई बन्धक बनाउने काम नगरोस् यो शुभकामना म प्रतिपक्षलाई पनि दिन चाहन्छु । संसद चल्नुपर्दछ जस्तासुकै मामिलाहरू भए पनि जस्तासुकै विषयहरू भए पनि छलफल गर्ने थलो हो संसद त्यसकारणले संसदलाई छलफल गर्नबाट वञ्चित गर्ने बन्धक बनाउने काम अबको प्रतिपक्षले नगरोस् यो शुभकामना म प्रतिपक्षलाई पनि दिन चाहन्छु । यही हो राष्ट्रिय सभा म फेरि पनि भन्न चाहन्छु । विगतमा पनि भन्दै आइरहेको विषय हो । कि यो राष्ट्रिय सभा प्रतिनिधि सभाको छायाँ बन्नबाट कसरी मुक्त हुने हो । त्यो मुक्त हुने दिशामा जो राष्ट्रिय सभाका सबै हामी एक भएर हामी अगाडि बढ्न सकौं । एकताबद्ध भएर अगाडि बढ्न सकौं । कुरामा होइन काममा हामी एकतासाथ अगाडि बढ्न सकौं । यो शुभकामनामा म यो राष्ट्रिय सभालाई पनि दिन चाहन्छु । मेरो आग्रह यहाँ राख्न चाहन्छु । र यो राष्ट्रिय सभा साँच्चै नै एउटा प्रबुद्ध सभा हो । यसले साँचै नै देश, राष्ट्रको हितलाई ध्यानमा राखेर काम गर्छ भन्ने उदाहरण हामी प्रस्तुत गर्न सकौं । यिनै शुभकामनाका साथ बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी ।

(१३:५० बजे) **माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म यस सदनमा उपस्थित सम्पूर्ण माननीय सांसद साथीहरूलाई स्वागत गर्दै यस अधिवेशनको सफलताको कामना गर्दछु । प्रतिनिधि सभा र प्रदेश सभाका नव निर्वाचित माननीय सांसदज्यूहरूलाई हार्दिक बधाईको साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । त्यस्तै म नव नियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल र वाहाँको मन्त्रिपरिषद्मा रहनुभएका उपप्रधानमन्त्रीज्यूहरू र मन्त्रीज्यूहरूलाई पनि हार्दिक बधाईको साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

मेरो दल जनता समाजवादी पार्टी, नेपालको पुस १८ र १९ गतेको राजनीतिक समितिको बैठकले सम्मानजनक प्रतिधिनित्व भए सरकारमा सहभागी हुने र नभए बाहिरबाट समर्थन गर्ने निर्णय गरेको छ । सङ्घीयता गणतन्त्र समावेशीता र धर्म निरपेक्षतालाई संस्थागत गर्न गठबन्धन सरकारको न्यूनतम साँझा कार्यक्रमले अहम् भूमिका निर्वाह गर्ने अपेक्ष गरेकी

छ । विगत सात दशकमा जनक्रान्ति जनआन्दोलन जनयुद्ध मधेस जनविद्रोह तथा आदिवासी जनजाति खस, आर्यः दलित सिल्पी महिला मुस्लिम, थारू पिछडा वर्ग र सीमान्तकृत सामुदायका हक अधिकार र पहिचानका लागि भएका सम्पूर्ण सङ्घर्षहरूको प्रतिफल नै अहिलेको समावेशी र समानुपातिक प्रतिनिधित्वसहितको सङ्घीय लोकतन्त्रिक गणतन्त्रको स्थापना हुनु राजनीतिक उपलब्धि हो ।यो राजनीतिक परिवर्तनले सैद्धान्तिक र संवैधानिक रूपमा राज्यको एकात्मक एवम् समुदायिक वर्चस्ववादी केन्द्रिकृत राज्य सत्ताको चरित्रलाई समाप्त गरे तापनि संविधानका कतिपय अपूर्णता र त्रुटिका कारण राज्य संरचनामा यथोचित सङ्घीय स्वरूप परिवर्तन हुन सकेको छैन । त्यसैले संविधान संशोधन हुनु अति आवश्यक छ नेपालमा बहुमतको सरकार र अल्पमतको विपक्ष परम्परागत लोकतन्त्रको मान्यता असफल भएको परिप्रेक्षमा पूर्ण समानुपातिक सांसद र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको शासकीय स्वरूपमार्फत राजनीतिक स्थायित्व कायम गर्ने र देशमा व्याप्त गरिबी बेरोजगारी र अशिक्षाको अन्त्य गरी शिक्षा, स्वस्थ, आवास र रोजागर र सुरक्षामा सबैको समान पहुँच र अधिकारको प्रत्याभूति गराउने उद्देश्यको साथ जसपा अगाडि बढेको छ । समउन्नत सङ्घीय समाजवादको वैचारिक आलोकमा देशमा तीव्र आर्थिक वृद्धि समन्यायिक वितरण प्राकृतिक स्रोतको दिगोपन तथा पर्यावरणीय सन्तुलनमाथि ध्यान पुऱ्याउनु अति आवश्क छ । देशमा विद्यमान विकृति विसङ्गति, भ्रष्टाचार, असुरक्षा, छुवाछुत प्रथा र अव्यवस्थाको अन्त्य गरी मानिसको जन्मसिद्ध अधिकार तथा सम्पूर्ण मौलिक हकहरू प्रदान गर्न सामाजिक न्याय र सुशासनको प्रत्याभूमिसहितको जनमुखी प्रशासन कायम हुनुपर्छ ।

"नेपाल नागरिकता विधेयक (पहिलो संशोधन), २०७९" प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भई प्रमाणीकरणको लागि सम्माननीय राष्ट्रपतिज्यूको कार्यालयमा पेस भई पेन्डिङमा रहेको अवस्था छ । त्यसलाई यथाशीघ्र अगाडि बढाउन र साथै मधेसमा अत्याधिक सित लहरका कारण जीविका अस्तव्यस्त र बिरामी भई मृत्युसमेत भैरहेको अवस्थामा अविलम्ब आवश्यक राहतको व्यवस्था मिलाइदिनुहुन जोडदारा माग गर्दै नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शेखर कुमार सिंह ।

**(१३:५६ बजे) माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, आज तेह्रौं अधिवेशन प्रारम्भ हुँदा हाम्रो बिचमा ११५ दिनको तर ग्याप बस्यो त यो ग्यापले धेरै उदाहरणीय योगदानीय कामहरू मुलुक हाँक्ने संस्थाहरू दिएको छ ।

प्रतिनिधि सभा, प्रदेश सभा यसै बिचमा निर्वाचित भई आउनुभा' छ । निर्वाचित भएर आउनुभएका सम्पूर्ण साथीहरूलाई प्रतिनिधि सभामा र ७ प्रदेश सभामा सबै सांसदज्यूहरूको सफल कार्यकालको लागि शुभकामना दिँदै छु ।

सँगै नवनियुक्त सम्माननीय प्रधानमन्त्रीज्यूलाई र उहाँको सम्पूर्ण टिमलाई सम्पूर्ण माननीय उपप्रधानमन्त्रीज्यूहरू, मन्त्रीज्यूहरूलाई साथीहरू एउटा हर्षको विषय पनि हो । हाम्रै राष्ट्रिय सभाबाट पनि एउटा उपप्रधानमन्त्रीज्यूको पनि नेतृत्व पाएको छु । यसको लागि हामी निकै हर्षित छौं । सरकारको ध्यान रहेछ राष्ट्रिय सभाप्रति त्यसको लागि हर्षित छौं र धन्यवाद पनि दिन चाहन्छौं यो रोष्ट्रमबाट पनि सरकारलाई । र आउने साथीहरूले पनि निश्चित रूपमा झन उत्तरदायी कामहरू गर्दै रहनुहुन्छ त्यसको लागि पनि ..... गर्दै धन्यवाद दिन चाहन्छु ।

आज पहिलो दिन हो पहिलो दिनमा कति कुराहरू त हाम्रो सम्पूर्ण अगाडिका वक्ता साथीहरूले राखि नै सक्नुभा' रहेछ । दुई तीनओटा चारओटा विषयहरू छ । अहिले तराईमा पनि र पहाडमा पनि सितलहरको निकै चपेटामा हामी नेपालीहरू परिराखेका छौं । यसमा सरकारको ध्यान पुगोस् । यथाशीघ्र पुगोस् र यसको समुचित व्यवस्थापन होस् । सँगै हामी कृषि प्रधान मुलुक भन्छौं । अहिले पनि अभाव झेली नै राख्या छु । म आशा गर्या छु । यो वर्तमान सरकारले अब छिटोभन्दा छिटो यो मलको व्यवस्थापन गर्ला । त्यति नै म आशा राख्या छु ।

सँगै दुइटै सदनबाट पारित गरेर पठाएको विधेयक, नागरिकता विधेयक जसलाई कि तराइदेखि पहाडसम्म धेरै युवाहरूलाई अनागरिक बनाएर राख्या छ । यसलाई छिटोभन्दा छिटो नै ल्याइदिनुहुन्छ कि? राहत पाउँछ कि भन्ने म आशा राख्या छु । सँगै मैले सधैं बोल्दै आ'को कर्मचारीतन्त्रप्रति पनि तपाईंहरूले नयाँ सरकारले ध्यान राखेर दुइटै दुइटै सदनबाट ६० वर्ष कायम हुँदा पनि समितिमा गएर अड्कनु योभन्दा दुःखद पक्ष केही पनि रहँदैन । यसलाई पनि ध्यान राख्नुहोला । मैले सुन्या मलाई पनि लाग्यो हामी राष्ट्रिय सभामा छौं । त प्रतिनिधि सभाको छायाँ किन? प्रतिनिधि सभाको छायाँको संस्था नबनोस् । यसमा पनि माननीय उपप्रधानमन्त्रीलगायतको ध्यान पुग्ने नै छ भन्ने आशा राख्दै म आफ्नो मन्तव्य यही अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुल प्रसाद विश्वकर्मा ।

(१४:०१) **मानननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको प्रथम बैठकमा छौं । र यस अवसरमा सर्वप्रथम भर्खरै प्रतिनिधि सभा र प्रदेश सभाको चुनाव सिद्दिएको छ । र त्यसबाट जितेर आउनुभएका, विजय भएर आउनुभएका सम्पूर्ण माननीयज्यूहरूलाई म बधाई ज्ञापन गर्न चाहन्छु । र भर्खरै राष्ट्रपतिज्यूबाट गठन गर्नुभएको सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको नेतृत्वमा गठन भएको सरकार र सरकारको सम्पूर्ण टिमलाई पनि मैले बधाई ज्ञापन गर्न चाहन्छु ।

अध्यक्ष महोदय, यहाँ पूर्ववक्ता माननीयज्यूहरूले पनि धेरै कुराहरू ल्याउनुभो' उहाँहरूले व्यक्त गरेका धेरै विचारहरूसँग म सहमत छु । आज देशमा देशको राजनीतिमा बाह्य चलखेल चाहिँ बढेर गइरहेको छ । यो सीमित लोकतन्त्र र अहिलेको व्यवस्थालाई कतै खतरा पुग्ने हो कि भन्ने कुराको चिन्ता हामीलाई लागिरहेको छ ।

हामीले बारम्बार जोड दिँदै आइरहेका छौं । लोकतन्त्र, गणतन्त्र र धर्म निरपेक्षताको रक्षा गरिनुपर्छ । र जनताका अहम सवालहरूको बारेमा हामी सधैं कटिबद्ध हुनुपर्छ । राष्ट्र, राष्ट्रियता लगेर नजोगिँदासम्म सार्वभौम संसद नजोगिँदासम्म यो देशमा जनताको इच्छा र आङ्काक्षा पूरा हुन सक्तैन । र यो तै राष्ट्रको प्रगति, उन्नति हुन सक्ने कुरा पनि हुँदैन । र देशमा सुशासन कायम हुने कुरा पनि हुँदैन । देशमा जबसम्म सुशासन कायम गर्न सक्दैनौं । त्यति बेलासम्म जनताका चाहना, जनताका अपेक्षाहरू पूरा हुन सक्ने अवस्था छैन । त्यसैले सुशासन कायम गर्नका लागि सबभन्दा प्रमुख कुरा राजनीति स्थिरता हो । राजनीतिक स्थिरता कायम भएन भने हामीले जनतालाई डेलिभरी दिन सक्दैनौं । जनताका मागहरू पूरा गर्न सक्तैनौं । देशका आवश्यकतालाई पूरा गर्न सक्दैनौं । त्यसैले आगामी दिनमा यी कुराहरूलाई हामी गम्भीर भएर जानुपर्छ भन्ने कुरा मैले चाहिँ निवेदन गर्न चाहन्छु ।

र विगतमा हामीले जे कुराहरू उठाउँदै आयौं यहाँ सदनमा देशमा भएका व्यथितिहरू भ्रष्टचार, महङ्गी, सुशासनमा देखिएको समस्या, वेरोजगारीको समस्या यी तमाम् चिजहरू यावत छन् । ती चिजहरूलाई समाधान गर्नको लागि आवश्यक नीति नियम र कानुनहरू बनाउन जनताको प्रतिनिधिको रूपमा हामी यहाँ आएका छौं । मलाई लाग्छ ती कामहरू अझै पनि हामीले पूरा गर्न सकेका छैनौं । र नयाँ गठन भएको सरकारले ती कुरामा आफ्नो ध्यान केन्द्रित गरोस् । र जनताका अपेक्षा र चाहना, आवश्यकताहरूलाई गम्भीर रूपमा लिएर त्यसलाई कार्यान्वयन गर्ने कुरामा यो सरकारले निश्चित रूपमा ध्यान दियोस् भन्ने मैले अपेक्षा राख्छु । र मैले अगि नै निवेदन गरें कि राजनीतिक स्थिरताको लागि हिजोको दिनमा जुन

खेलहरू हामीले देख्यौं । सरकार गिराउने, सरकार बनाउने रातारात मन्त्रीहरू खरिद बिक्री गर्ने, सांसदहरू खरिद बिक्री गर्ने यी खेलहरू पुनः नदोहोरियोस् । यो कुराको मैले चाहिँ यहाँ निवेदन गर्न चाहें ।

आदरणीय सम्माननीय अध्यक्ष महोदय, यिनै कुराहरूलाई मध्यनजर गरेर माननीय सांसद बेदुरामजीले भन्नुभो' कि हिजो प्रतिपक्षमा बसेका माननीयहरूले जे जे कुराहरू उठाउनुभो' अहिले सत्ता पक्षमा जानुभएको छ । उहाँहरूले त्यति कुरा गरिदिए पुग्छ । म पनि पुनः सापटी लिएर त्यही दोहोऱ्याउन चाहन्छु । हामीले यो कुरा नभुलौं । हिजो प्रतिपक्षमा हुँदाखेरि हामीले जे कुरालाई चाहिँ जोडतोडका साथ उठायौं । त्यो कुरा नबिर्सेर आज कार्यान्वयन गर्ने कुरामा आफुलाई जिम्मेवार ठानौं र जिम्मेवार ठाउँमा बसेको बेलामा जनतालाई हामीले डेलिभरी दिने कुरामा कुनै कन्जुस्याइँ नराखौं भन्ने अनुरोध गर्दै मैले आफ्नो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**(१४:०७ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म, प्रतिनिधि सभा र राष्ट्रिय सभाका पूर्वसदस्य मैया देवी श्रेष्ठ, संविधान सभा सदस्य द्वय बालकृष्ण ढुङ्गेल र झुलबहादुर आलेको निधन भएकोमा निम्न लिखित शोक प्रस्तावहरू प्रस्तुत गर्दछुः-

(क) वि.सं. १९८५ सालमा जन्मनुभएका पूर्वसांसद मैया देवी श्रेष्ठको मिति २०७९ साल कात्तिक ६ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय श्रेष्ठ नेपाली काँग्रेस पार्टीबाट २०४८ सालको प्रतिनिधि सभा निर्वाचनमा गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित सदस्य तथा वि.सं. २०५६ सालमा राष्ट्रिय सभाको सदस्य एवम् पुनः स्थापित प्रतिनिधि सभाको सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय मैया देवी श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

(ख) २०६४ सालको संविधान सभा सदस्य बालकृष्ण ढुङ्गेलको मिति २०७९ साल कात्तिक २२ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । २०२७ साल वैशाख २४ गते ओखलढुङ्गामा जन्मनुभएका स्वर्गीय ढुङ्गेल तत्कालीन नेकपा (माओवादी) पार्टीको तर्फबाट २०६४ सालको संविधान सभा सदस्य हुनुहुन्थ्यो भने पछिल्लो समय नेकपा (एमाले) को पोलिटब्युरो सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय बालकृष्ण ढुङ्गेलप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।

(ग)	२०७० सालको संविधान सभा सदस्य झुल बहादुर आलेको मिति २०७९ साल मङ्सिर ९ गते उपचारको क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । २००७ साल माघ १२ गते तनहुँमा जन्मनुभएका स्वर्गीय आले संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट सदस्य हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय झुल बहादुर आलेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

मानानीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको ।)

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको ।)

माननीय सदस्यहरू, अब प्रतिनिधि सभा र राष्ट्रिय सभाका पूर्व सदस्य मैया देवी श्रेष्ठ, संविधान सभा सदस्य द्वय बालकृष्ण ढुङ्गेल र झुलबहादुर आलेको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं।

(मौनधारण)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल पुस २९ गते शुक्रबार अपराह्न ०१:०१ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल पुस २९ गते शुक्रबार अपराह्न १:०१ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १४:१० बजे ।**